बैठक नं. ३/(२०८१-२०८२)

आज मिति २०८१ साल कार्तिक ०७ गते भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो।

उपस्थिति

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | |
| २ | श्री सिता जैसी | नगर उप प्रमुख | |
| ३ | श्री दिपक राना | वडा अध्यक्ष वडा नं - १ | |
| ४ | श्री भीम बहादुर कार्की | वडा अध्यक्ष वडा नं - २ | |
| ५ | श्री लिला बहादुर शाह | वडा अध्यक्ष वडा नं - ३ | |
| ६ | श्री वसन्त प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ४ | |
| ७ | श्री लाल बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ५ | |
| ८ | श्री शशिराम बुढा | वडा अध्यक्ष वडा नं - ६ | |
| ९ | श्री दिप बहादुर शाही | वडा अध्यक्ष वडा नं - ७ | |
| १० | श्री वीर बहादुर चन्द | वडा अध्यक्ष वडा नं - ८ | |
| ११ | श्री हिरा प्रसाद शर्मा | वडा अध्यक्ष वडा नं - ९ | |
| १२ | श्री दल बहादुर राना | वडा अध्यक्ष वडा नं – १० | |
| १३ | श्री लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष वडा नं – ११ | |
| १४ | श्री भक्त बहादुर मल्ल | वडा अध्यक्ष वडा नं – १२ | |
| १५ | श्री यज्ञ बहादुर बटाला | वडा अध्यक्ष वडा नं – १३ | |
| १६ | श्री लिला देवी गौतम वि.क | कार्यपालिका सदस्य | |
| १७ | श्री मोती नेपाली | कार्यपालिका सदस्य | |
| १८ | श्री सृजना घर्ती | कार्यपालिका सदस्य | |
| १९ | श्री भिम कुमारी पुन | कार्यपालिका सदस्य | |
| २० | श्री काली खत्री | कार्यपालिका सदस्य | |
| २१ | श्री मनिराम दमाई | कार्यपालिका सदस्य | |
| २२ | श्री गोपाल लोहार | कार्यपालिका सदस्य | |
| २३ | श्री डोंटे नेपाली बादी | कार्यपालिका सदस्य | |
| २४ | श्री दल बहादुर घर्ती | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| २५ | धर्ते वली | का. वा. अध्यक्ष वडा नं. ६ | |
| | | | |
| | | आमन्त्रित | |
| २५ | प्रकाश कुमार शाही | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | |
| २७ | सुधा हमाल | अधिकृत | |
| २८ | प्रकाश बटाला | अधिकृत | |
| २९ | सुर्य प्रसाद लम्साल | सूचना अधिकृत | |
| ३० | राजेन्द्र बहादुर कठायत | लेखापाल | |
| ३१ | मोहन मल्ल | इन्जिनियर | |
| ३२ | निर्मल डाँगी | सब-इन्जिनियर | |
| ३३ | केशव रात पुन | [illegible] | |
| ३४ | श्रवण कु. शर्मा | [illegible] | |
| ३५ | दिप बहादुर बली | [illegible] | |

निर्णयहरुः

१. सडक बोर्ड नेपालको मिति २०८१।६।१३ गतेको प्राप्त पत्रानुसार चालु आ. व. २०८१।८२ मा स्थानीय सडक मर्मत संभार कार्यका लागि रु ४० लाख बजेट प्राप्त हुने भएको र सोको लागि आवश्यक नगरपालिका समपुरक अनुदान रु १७ लाख १४ हजार रुपैयाँ चालु आ.व. को स्वीकृत समपुरक अनुदान शिर्षकमा विनियोजित गर्ने । साथै उक्त कूल रकमबाट तपसिल बमोजिमका स्थानीय सडकहरुमा उल्लेख भए वमोजिम बजेट विनियोजन गरि मर्मत संभार गर्न उल्लेखित सहमतिका लागि सिफारिस गर्ने ।

<u>तपसिलः</u>

क. स्याउली बजार दह देखि स्वास्थ्य चौकी नेटासम्म सडक मर्मत वडा नं. ६ (रु १४ लाख २८ हजार ५ शय)

ख. डिलाचौर देखि वडा कार्यालय सम्म सडक मर्मत वडा नं.७ (रु १४ लाख २८ हजार ५ शय)

ग. फेरा देखि पर्सेनी सडक मर्मत वडा नं. १०(रु १४ लाख २८ हजार ५ शय)

घ. फेरा धुलेउटा वडा कार्यालय सम्मको सडक मर्मत वडा नं. ११(रु १४ लाख २८ हजार ५ शय)

२. प्रधानमंत्री रोजगार कार्यक्रमतर्फ रिक्त रोजगार संयोजक पदपूर्ति गर्नु पर्ने भएको र सोको लागि नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट जारी रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ को बुंदा नं. ६ को (क) बमोजिम पदपुर्ति समितिको संयोजकमा जिल्ला समन्वय समिति जाजरकोटका जिल्ला समन्वय अधिकारी श्री बुध्दि बहादुर खत्रीलाई र त्यसैगरि उक्त कार्यविधिको दफा (ख) वमोजिम विषय विज्ञको रुपमा यसै नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री सुर्य प्रसाद लम्साललाई तोकी पदपूर्ति प्रक्रिया अगाडी बढाउने

३. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ चालु आ.व.मा संचालन गर्न वडा नं. ५ बाट सिफारिस भई आएका तपसिल बमोजिमका योजनाहरु छनौट गर्ने ।

क. दमाई टोल देखि सल्लीटाकुरासम्म गोरेटो बाटो रु १ लाख ६५ हजार

ख. आटा देखि चिउरे रुख हुँदै बाहुन टोलसम्म गोरेटोबाटो रु १ लाख ७० हजार

ग. ब्रम्हा थान देखि स्याउलीबजार सम्मको सडकको नाली विस्तार रु १ लाख ६५ हजार

४. पूर्वाधार विकास कार्यालय जाजरकोटबाट मिति २०८१।६।१७ गते प्रकाशित्त सूचना अनुसार भूकम्पका कारण क्षतिग्रस्त सामुदायिक विद्यालय तथा स्वास्थ्य संस्था पुनःनिर्माणका लागि आयोजनाको प्रस्ताव पेश गर्न तपसिल बमोजिम योजनाहरुको प्रस्ताव तयार गरी पठाउने ।

क. स्वास्थ्य चौकी भवन निर्माण वडा नं. -२ बाहुनथाना

ख. स्वास्थ्य चौकी भवन निर्माण वडा नं.- ६

ग. भैरव मा. वि. भूरचौर वडा नं. --१०

घ. सूर्योज्योति आ. वि. मिथेंग्रा वडा नं. -६

ङ. विजय प्रा. वि. स्याँला वडा नं. -३

च. नेपाल राष्ट्रिय प्रा. वि. धाईरा वडा नं. -१२

५. दिपावलि, २०८१ को शुभअवसरमा युवाहरुलाई परिलक्षित गरि युनाईटेड युथ क्लव भेरी नगरपालिका वडा नं - ४, जाजरकोटले तल्लो थाप्ले स्थित त्रिभुवन मा. वि. को प्रांगनमा खुल्ला युवामैत्रि पुरुष फुटवल प्रतियोगिता संचालन गर्ने र उक्त खेल संचालनकालागि उल्लेखित संस्थाले नगरपालिकामा प्रस्तावना सहित आर्थिक सहयोग

माग गरेकोमा उल्लेखित खेल सँचालन प्रयोजनकालागि गत बर्षको अल्या रकम अन्तर्गत विनियोजित विभिन्न खेलकुद, महोत्सव, राष्ट्रिय महत्सवका पर्व तथा विभिन्न सौंस्कतिक पर्वहरुको भूक्तानि शिर्षकवाट रु ३० हजार वजेट सहयोग उपलव्ध गराउने ।

६.घ वर्गको निर्माण व्यवसायि ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं २ को २ बमोजिम अनुसूची ५ देहाय बमोजिम संशोधन गर्ने ।

तपसिलः

| बुँदा नं | हालको प्रावधान | संशोधन गरेको प्रावधान |
|---|---|---|
| अनुसूची ५ को (३) | मेशीन र उपकरणः (क) ट्रिपर/ट्रयाक्टर (एक/ एक थान) | (क) ट्रिपर, ट्रक र ट्रयाक्टर मध्ये कुनै एक थान |
| | | |

७. भेरी नगरपालिकाको भवन निर्माण तथा नक्सा पास निर्देशिका २०७९मा तपसिल बमोजिम संशोधन गर्नेः

तपसिलः

| | हालको प्रावधान | संशोधन गरेको प्रावधान |
|---|---|---|
| वुँदानं ३१ को (८) | नगरपालिकाभित्र २.५ आना भन्दाकम क्षेत्रफल भएको जग्गामा नगरपालिकाले भवन निर्माण स्वीकृति दिने छैन । तर नगरपालिकाभर अन्यत्र स्थानमा कही कतै जग्गा नभएका जग्गाधनीको हकमा सडकको क्षेत्रधिकार र सेटव्याक छोडी तपसिलमा उल्लेखित कागजात र निर्णयको आधारमा २.५ आना भन्दा घटी जति जग्गा भए पनि बढीमा दुइ तला र भर्याङ छोप्न पाउने गरी नगरपालिकाले भवन निर्माण गर्न स्वीकृति दिनेछ । | नगरपालिकाभित्र २ आना भन्दाकम क्षेत्रफल भएको जग्गामा नगरपालिकाले भवन निर्माण स्वीकृति दिने छैन । तर नगरपालिकाभर अन्यत्र स्थानमा कही कतै जग्गा नभएका जग्गाधनीको हकमा सडकको क्षेत्रधिकार र सेटव्याक छोडी तपसिलमा उल्लेखित कागजात र निर्णयको आधारमा २ आना भन्दा घटी जति जग्गा भए पनि अन्य मापदण्ड पुरा भएमा बढीमा तीन तला र भर्याङ छोप्न पाउने गरी नगरपालिकाले भवन निर्माण गर्न स्वीकृति दिनेछ । |
| वुँदा नं ६१ | सात हजार वर्गफिटभन्दा बढी फ्लोर एरिया भएको भवनको नक्सापास गर्दा | सात हजार वर्गफिटभन्दा बढी फ्लोर एरिया भएको भवनको नक्सापास गर्दा विशेषज्ञहरु सहितको |

CamScanner

| | | |
|---|---|---|
| को (१) | विशेषज्ञहरु सहितको समितिवाट चेकजाँच गरी सिफारिस भए वमोजिम नक्सा पास गरिनेछ । | समितिवाट चेकजाँच गरी सिफारिस भए वमोजिम नक्सा पास गरिनेछ । साथै क र ख वर्गको भवन निर्माणको अनुमति दिंदा प्राविधिक समितिको सिफारिसमा राष्ट्रिय भवन संहिता २०६० को पालन हुने गरी स्वीकृति दिनेछ । प्राविधिक समिति देहाय बमोजिम हुनेछः<br>तपसिलः<br>क. प्रमुख प्रशासकीय अधिकृत संयोजक<br>ख. निजले तोकेको ईन्जिनियर सदस्य<br>ग. सहरी विकास कार्यालयको ईन्जिनियर सदस्य<br>आवश्यकताअनुसार विषय विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ । |
| बुँदा नं ६४ को (२) | मिश्रित भवनको हकमा कोठा तर्फ १.५ मिटर सेटव्याक र सटर राखे खण्डतर्फ २.५ मिटर सेटव्याक छोड्नुपर्ने। र घर नक्सा पास गर्दा राजस्व व्यवसायिक भवनकै हिसावले राजस्व गणना गरी तिर्नु बुझाउनु पर्नेछ। | मिश्रित भवनको हकमा बाटो तर्फ १.५ मिटर सेटब्याक र सटर राखे खण्डतर्फ २ मिटर सेटब्याक छोड्नुपर्ने। तर सटर राख्नको लागि न्यूनतम ४ मिटर चौडाई भएको सडक हुनुपर्नेछ । घर नक्सा पास गर्दा राजस्व व्यवसायिक भवनकै हिसावले राजस्व गणना गरी तिर्नु बुझाउनु पर्नेछ । साथै झ्याल ढोका तथा भेन्टीलेसन राखे भएमा भवनको संधियारतर्फको न्युनतम सेटब्याक १.५ मिटर राखुपर्नेछ । तथा एउटै कित्ताको जग्गामा स्वीकृत प्राप्त गरी निर्माण भईसकेको घर भए सो भवनतर्फ भवन संहिताको प्रतिकुल नहुनेगरी टाँसिएको भवन बनाउन दिईनेछ । |
| (३) | सार्वजनिक जग्गाको छेउबाट ३ मिटर क्षेत्राधिकार छोडी नियमानुसार सेटव्याक छोड्नुपर्ने । | सार्वजनिक जग्गाको छेउबाट नियमानुसार सेटब्याक छोड्नुपर्ने । |
| (४) | वन सिमानाको छेउबाट ४ मिटर क्षेत्राधिकार छोडी नियमानुसार सेटव्याक छोड्नुपर्ने । | वन सिमानाको छेउबाट नियमानुसार सेटब्याक छोड्नुपर्ने । |

CamScanner

| | | |
|---|---|---|
| (५) | कुलोको हकमा हाल चालु अवस्थामा रहेको कुलोको डिलबाट ३ मि सडक क्षेत्राधिकार र १.५ मि सेटब्याक छोड्नुपर्ने तर सडक कायम भैसकेका कुलोको हकमा सडकको केन्द्र रेखाबाट ३ मि सडक क्षेत्राधिकार र १.५ मि सडक सेटब्याक छोड्नुपर्ने | सामन्यतया नदि/खोला/खहरे खोला/ताल/पोखरी/कुलो आदीसँग जोडिएको जग्गामा निर्माण कार्य गर्न अनुमति दिँदा निम्नानुसार गर्नुपर्नेछः<br>क. नदीकिनाराबाट २० मिटर<br>ख. खोला किनाराबाट १५ मिटर<br>ग. खहरेखोला किनाराबाट १० मिटर<br>घ. खोल्सा किनाराबाट ३ मिटर<br>ङ. कुलोको किनाराबाट १ मिटर सेटब्याक छोडी भवन निर्माण अनुमति दिनुपर्नेछ। साथै यसरी छाडीएको जग्गालाई हरियाली क्षेत्रको रुपमा कायम गर्ने । |
| (६) | धार्मिक स्थल सम्पदा क्षेत्र पोखरी सार्वजनिक कुवा ईनार आदिको छेउवाट ४ मिटर छोडेर मात्र घर निर्माण गर्न पाउने । | धार्मिक स्थल सम्पदा क्षेत्र पोखरी सार्वजनिक कुवा ईनार आदिको छेउबाट ४ मिटर छोडेर मात्र घर निर्माण गर्न पाउने। तर स साना मन्दिरहरु वरीपरी घर निर्माण गर्दा असर नपर्ने गरी निर्माण गर्न पाउने |
| बुँदा नं ६८ को (१) | ३० डिग्रि भन्दा भिरालो जमिनमा भवन बनाउन नपाउने । | ३० डिग्रि भन्दा भिरालो जमिनमा भवन बनाउन नपाउने र भवन आचारसंहिता २०६० तथा अन्य मापदण्ड पुरा भएमा बनाउन दिने । |

CS CamScanner